June 11th, 2024

Tuesday

National News

प्रमुख समाचार:

1. नवगठित केन्द्रीय मन्त्रिपरिषद्का कैयौं केन्द्रीय मन्त्रीहरूद्वार आज पदभार ग्रहण
2. तेलगु देशम पार्टी प्रमुख श्री एन चन्द्रबाबु नायडू आन्ध्र प्रदेश विधान सभामा NDA नेतामा चयन
3. विश्वविद्यालय अनुदान आयोग (यूजीसी) द्वारा उच्च शिक्षा संस्थाहरूलाई आगामी शैक्षिक सत्रदेखि वर्षमा दुई पटक विद्यार्थी भर्ना गर्न दिने निर्णय
4. फुटबलमा, भारतीय पुरुष टोलीले आज दोहामा फिफा विश्वकप २०२६ को लागि महत्वपूर्ण क्वालिफायर खेलमा कतारसँग प्रतिस्पर्धा गर्दै

## 1. Ministers Charge

नवगठित केन्द्रीय मन्त्रिपरिषद्का कैयौं केन्द्रीय मन्त्रीले आज पदभार ग्रहण गर्नुभएको छ। आज पदभार ग्रहण गर्नेहरूमा गृहमन्त्री श्री अमित शाह, विदेशमन्त्री डा एस जयशंकर, कृषिमन्त्री श्री शिवराज सिंह चौहान र सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णव प्रमुख हुनुहुन्छ। गृहमन्त्री श्री अमित शाहले सहकारिता मन्त्रालयको जिम्मेवारी पनि लिनुभएको छ। श्री अश्विनी वैष्णवले सूचना तथा प्रसारण मन्त्री, डा. एल. मुरुगनले सूचना तथा प्रसारण राज्यमन्त्री, श्री हरदीप सिंह पुरीले पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री र श्री गजेन्द्र सिंह शेखावतले संस्कृति मन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको छ भने श्री भूपेन्द्र यादवले वातावरणमन्त्री, श्री गिरिराज सिंहले केन्द्रीय कपडा मन्त्री अनि पवित्रा मार्गरिटाले मन्त्रालयमा राज्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभयो। श्री सुरेश गोपीले पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयको राज्यमन्त्रीको जिम्मेवारी सम्हाल्नुभएको छ। त्यसैगरि श्री चिराग पासवानले केन्द्रीय खाद्य प्रशोधन उद्योग मन्त्रीको पदभार ग्रहण गर्नुभएको छ। आज पदभार ग्रहण गर्ने अन्य मन्त्रीहरूमा श्री किरेन रिजिजु, श्री ज्योतिरादित्य सिन्धिया, श्री मनोहर लाल, डा जितेन्द्र सिंह, श्री जयंत चौधरी, श्री सञ्जय सेठ, अन्नपूर्णा देवी, श्री गजेन्द्र सिंह शेखावत र श्री अर्जुन राम मेघवाल हुनुहुन्छ।

2. <u>Odisha – CM</u>

ओडिशामा, बीजेपीले राज्यको नयाँ मुख्यमन्त्रीको नियुक्तिको लागि मार्ग प्रशस्त गर्दै आफ्नो विधायक दलको नेता चयन गर्ने तयारी गरेको छ। नयाँ मुख्यमन्त्री र मन्त्रिपरिषद्ले भोलि साँझ भुवनेश्वरको जनता मैदानमा सपथ लिने कार्यक्रम छ । नयाँ मुख्यमन्त्रीको निर्वाचन प्रक्रियाका लागि केन्द्रीय पर्यवेक्षकका रूपमा नियुक्त भएका केन्द्रीय मन्त्रीहरू श्री राजनाथ सिंह र श्री भूपेन्द्र यादवले भाजपाका विधायकहरूसँग छलफल गरेर मुख्यमन्त्रीको नाममा सहमति जुटाउने बताइएको छ। ओडिशामा पहिलो पटक भाजपाको सरकार बनिँदै छ। भर्खरै सम्पन्न ओडिशा विधानसभा चुनावमा, बीजेपीले श्री नवीन पटनायकको नेतृत्वमा रहेको बिजु जनता दललाई पराजित गरेको थियो।

3. <u>Andhra Pradesh – CM</u>

तेलगु देशम पार्टी प्रमुख श्री एन चन्द्रबाबु नायडू आन्ध्र प्रदेश विधान सभामा NDA नेता चुनिनुभएको छ। विजयवाडामा भएको तेलुगु देशम पार्टी, जनसेना र बीजेपी विधायकहरूको बैठकमा विधायकहरूले श्री नायडूलाई सर्वसम्मतिले चयन गरेका थिए। जनसेना पार्टीका प्रमुख र पीतापुरम विधायक के पवन कल्याणले आन्ध्र प्रेदश विधानसभामा एनडीएको नेताको रूपमा श्री चन्द्रबाबु नायडूको नाम प्रस्ताव गर्नुभएको थियो, जसलाई सबै एनडीए विधायकहरूले सर्वसम्मतिले समर्थन गरेका थिए। NDA ले आन्ध्र प्रदेशमा 164 विधानसभा सीटहरू जितेर बहुमत हासिल गरेको छ।

4. <u>Sikkim Pro Tem Speaker</u>

सिक्किममा श्री संजित खरेललाई राज्य विधानसभाको कार्यवाहक अध्यक्ष नियुक्त गरिएको छ। राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले उहाँलाई आज गान्तोकस्थित राजभवनमा पद तथा गोपनियताको सपथ गराउनुभयो। श्री खरेलले ११ औं सिक्किम विधानसभाको उद्घाटन सत्रको अध्यक्षता गर्नु हुनेछ। उहाँ संसदमा नामथाङ रातेपानी क्षेत्रबाट प्रतिनिधित्व गर्दै हुनुहुन्छ।

## 5. UGC Biannual Admission

विश्वविद्यालय अनुदान आयोग (यूजीसी) ले उच्च शिक्षा संस्थाहरूलाई आगामी शैक्षिक सत्रदेखि वर्षमा दुई पटक विद्यार्थी भर्ना गर्न दिने निर्णय गरेको छ । अबउसो जनवरी र फेब्रुअरी अनि जुलाई र अगस्टमा भर्ना प्रक्रिया खुला हुनेछ। हाल, UGC नियमहरूले एक वर्षमा एक शैक्षिक सत्रमा भर्ना गर्न अनुमति दिन्छ। आकाशवाणी समाचारसँग कुरा गर्दै युजीसीका अध्यक्ष प्रा एम जगदेश कुमारले विभिन्न कारणले भर्ना हुन नपाउने र अर्को एक वर्ष पर्खनु पर्ने विद्यार्थीका लागि यो निर्णय निकै फाइदाजनक हुने बताउनुभयो । यस निर्णयले भर्नाको लागि पर्खनु पर्ने समयमा कटौती हुने र विद्यार्थीहरूको हौसला बढाउने पनि बताउनुभयो।

## 6. Delhi Yamuna Inspection

दिल्ली सरकारका शहरी विकास मन्त्री श्री सौरभ भारद्वाजले आज मनसुन अघि यमुनामा बाढीको अवस्था सामना गर्ने तयारीका लागि आईटीओ ब्यारेजको निरीक्षण गर्नुभयो। सञ्चारकर्मीसँग कुरा गर्दै श्री भारद्वाजले पानीको बहावमा कुनै अवरोध नहोस् भनेर आइटीओस्थित ब्यारेजका सबै गेट खोलिएको बताउनुभयो। सहरी विकास मन्त्रीले बताउनुभएअनुसार यो ब्यारेज हरियाणा सरकारको क्षेत्राधिकारमा आए पनि दिल्ली सिँचाइ र बाढी नियन्त्रण विभागले बाढीको समस्यासँग जुध्न हरियाणा सरकारसँग समन्वय गरेर सबै तयारी गरेको छ।

## 7. PM Yoga Day

जून २१ मा दशौँ अन्तर्राष्ट्रिय योग दिवसलाई लिएर मुलुकभर ठूलो उत्साह छ । यस सम्बन्धमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज एक सामाजिक सञ्जाल पोस्टमा भन्नुभएको छ, योग एक शाश्वत अभ्यास हो जसले एकता र सद्भावलाई प्रेरित गर्दछ। उहाँले विविध संस्कृति र क्षेत्रहरूलाई जोड्ने यसको उल्लेखनीय क्षमतालाई प्रकाश पार्दै योगले विश्वभरका लाखौं मानिसहरूलाई समग्र कल्याणको खोजीमा एकताबद्ध गरेको बताउनुभयो।

## 8. Malawi – VP – Plane Crash

मलावीका उपराष्ट्रपति साउलोस चिलिमा र अन्य नौ जनाको विमान दुर्घटनामा निधन भएको छ। राष्ट्रपति श्री लाजरस चकवेराले यस जानकारीको पुष्टि गर्दै दुर्घटनाग्रस्त  विमान फेला परेको र यो भयानक त्रासदीपूर्ण घटना भएको उल्लेख गर्नुभयो।

## 9. FIFA Qualifier

फुटबलमा, भारतीय पुरुष टोलीले आज दोहामा फिफा विश्वकप २०२६ छनोटको दोस्रो चरणमा वर्तमान एसियाली च्याम्पियन कतारको सामना गर्नेछ। खेल भारतीय समय अनुसार राति ९:१५ बजे सुरु हुनेछ। छनोटको तेस्रो राउण्डमा पुग्नका लागि भारतले समूह 'ए' को शीर्ष दुई स्थानमध्ये एउटा जित्नुपर्नेछ।

## 10. Tennis Stuttgart Open Championship

टेनिसमा भारतका युकी भाम्बरी र उनका साथी फ्रान्सका अल्बानो ओलिभेट्टीले आज जर्मनीमा हुने स्टटगार्ट ओपन प्रतियोगितामा आफ्नो अभियान सुरु गर्नेछन् । भाम्बरी र ओलिभेट्टीले पुरुष युगल प्रि-क्वार्टरमा न्युजिल्यान्डका माइकल भेनस र बेलायतका निल जोडीसँग खेल्नेछन्।

## 11. FIH Hockey

भारतले २०२५ FIH हक्की पुरुष जुनियर विश्वकपको आयोजना गर्नेछ। स्वीट्जरल्याण्डको लुसनमा भएको अन्तर्राष्ट्रिय हक्की महासंघको कार्यकारी बोर्डले उक्त निर्णय गरेको हो । टूर्नामेंट डिसेम्बर 2025 मा खेलिनेछ। जुनियर विश्वकपमा पहिलो पटक 24 टोलीहरू सहभागी हुँदैछन्।

## 12. T20 Cricket World Cup

अमेरिकाको न्यूयोर्कस्थित नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा भएको आईसीसी पुरुष टी–२० विश्वकप क्रिकेटमा दक्षिण अफ्रिकाले बंगलादेशलाई ४ रनले पराजित गरेको छ । आज न्युयोर्कको नासाउ काउन्टी इन्टरनेशनल क्रिकेट स्टेडियममा पाकिस्तानले क्यानाडासँग प्रतिस्पर्धा गर्नेछ।